"पर्यटकीय नगरी"

# सूर्योदय नगरपालिका
Suryodaya Municipality
## नगर कार्यपालिकाको कार्यालय
Office Of The Municipal Executive

प.स. ०७७/०७८ मितिः-२०७७/११/२३

च .नं.

**विषयः- सोझै वार्ताद्वारा खाद्यान्न चामल लिलाम वढावढ गर्ने सम्बन्धी जरुरी सूचना**

**(पुनः प्रकाशित मिति २०७७/११/२३)**

विश्वभर फैलिएको कोरोना भाइरस (Covid-19) को सम्भावित जोखिमको प्रभावकारी रोकथाम र नियन्त्रण गर्ने सन्दर्भमा नेपाल सरकारवाट मिति २०७६/१२/१० देखि भएको बन्दाबन्दी (Lock Down) वाट सूर्योदय नगरपालिका क्षेत्रमा प्रभावित असङ्गठित क्षेत्रका असहाय श्रमिकहरुलाई र विपन्न वर्गका दैनिक ज्याला मजदुरी गरी जीवन गुजारा गर्ने अति विपन्न वर्गका व्यक्तिहरुलाई खाद्यान्न राहत चामल वितरण गर्न खरिद भएको र विभिन्न दातावाट प्राप्त भएको खाद्यान्न चाममल मध्ये लकडाउनवाट प्रभावित असहाय श्रमिक वर्गहरुलाई र विपन्न वर्गका व्यक्तिहरुलाई सू.न.पा. वाट स्वीकृत मापदण्ड बमोजिम वितरण गरी बाँकी जिन्सी मौज्दातमा स्टक रहेको तपशिल बमोजिमको परिमाणको १६६ बोरा (प्रति बोरा ५० के.जी. भएको) ८३०० के.जी. सोना मन्सूली चामल शिलबन्दी बोलपत्रको माध्यमवाट लिलाम वढावढ गरी लिलाम बिक्री गर्न यसअधि तत्कालिनसमयको आर्थिर्क कार्यविधि नियमावली २०६४ को नियम ८, ९ र ११ अनुसारको रीत प्रक्रिया पुर्‍याई २ पटक सम्म (पहिलो पटक मिति २०७७/०९/१२ गते र दोस्रो पटक मिति २०७७/१०/१६ गते) क्रमशः२१ दिनको र ७ दिनको समयावधि दिइ सार्वजनिक रुपमा सूचना प्रकाशन गरी राष्ट्रिय स्तरको पत्रिकामा समेत सूचना प्रकाशन गरी लिलाम वढावढको लागि शिलबन्दी वोलपत्र आव्हान गरीएकोमा माथि उल्लिखित २ पटकको समयावधि भित्र इच्छुक कुनै व्यक्ति, फर्म, कम्पनि वा सप्लायर्सवाट तपशिलमा उल्लिखित खाद्यान्न चामल लिलाम वढावढ सम्बन्धमा शिलबन्दी वोलपत्र पेश भइ दर्ता हुन नआएको हुँदा प्रचलित आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १०८(७) बमोजिम तपशिलमा उल्लिखित खाद्यान्न चामलको सोझै वार्ताद्वारा लिलाम वढावढ गर्नुपर्ने भएकोले यो सूचना सार्वजनिक रुपमा यस कार्यालयमा प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (मिति २०७७/१२/०८ गते भित्र) तपशिल बमोजिमका शर्तहरु पालना गर्ने गरी तपशिलमा उल्लिखित खाद्यान्न चामल सोझै लिलाम वढावढ गरी सकार गरी उठाउने (लैजाने) प्रयोजनको लागि इच्छुक व्यक्ति, फर्म, कम्पनि सप्लायर्सहरुले सूचनामा तोकिएको समयावधि भित्र सोझै वार्ताद्वारा लिलाम वढावढको लागि कार्यालयमा सोझै निवेदन दिनु हुन वा नाम दर्ता गराउनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः-

| सोझै वार्ताद्वारा लिलाम वढावढ हुने खाद्यान्न चामलको परिमाण सहितको विवरण र जम्मा न्यूनतम मूल्य | सोझै वार्ताद्वारा लिलाम वढावढ हुने खाद्यान्न चामलको न्यूनतम लिलाम वढावढ सुरु हुने न्यूनतम मूल्य | सोझै वार्ताद्वारा लिलाम वढावढको लागि निवेदन पेश गर्ने वा नाम दर्ता गर्ने समय अवधि | सोझै वार्ताद्वारा लिलाम वढावढको सुरु हुने समय र स्थान |
|---|---|---|---|
| सोना मन्सूली चामल १६६ बोरा (प्रति बोरा ५० के.जी. भएको/८,३०० के.जी) जम्मा न्यूनतम मूल्य रु. ३,९०,१००/- | प्रति के.जी. रु.४७/- (रु. सत्चालीस) न्यूनतम लिलाम वढावढ हुने मूल्य प्रति के.जी. रु. ४७/- वाट न्यूनतम लिलाम वढावढ सुरु हुने। | २०७७/११/२३ गते देखि मिति २०७७/१२/०८ गते सम्म कार्यालय खुलेको समय कार्यालय समय भित्र। | समयः २०७७/१२/०९ गते विहान ११ वजे देखि दिउँसो १ वजे सम्म २ घण्टाको अवधिभित्र<br>स्थानः- सू.न.पा. नगर कार्यपालिकाको कार्यालय फिक्कल, इलाम। |

**<u>सोझै वार्ताद्वारा खाद्यान्न चामल लिलाम वढावढमा पालना गर्नुपर्ने वा पुरा गर्नुपर्ने शर्तहरुः-</u>**

१. सोझै वार्ताद्वारा माथि उल्लिखित परिमाणको खाद्यान्न चामल लिलाम वढावढमा सहभागी हुने इच्छुक व्यक्ति कार्म, कम्पनि वा सप्लायर्सले सहभागी हुने निवेदन दिदा वा नाम दर्ता गराउँदा इच्छुक व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाण पत्र र इच्छुक फर्म,

"पर्यटकीय नगरी"

# सूर्योदय नगरपालिका

Suryodaya Municipality

## नगर कार्यपालिकाको कार्यालय

Office Of The Municipal Executive

प.स. ०७७/०७८

च .नं.

कम्पनि वा सप्लायर्स आदिले नियमानुसार फर्म दर्ता र नविकरण, कर चुक्ता प्रमाणपत्र VAT वा PAN मा दर्ता भएको प्रमाणपत्रहरुको फोटोकपी संलग्न गर्नुपर्नेछ।

२. सोझै वार्ताद्वारा खाद्यान्न चामल लिलाम वढावढको लागि मूल्याङ्कन समितिवाट कायम भएको न्यूनतम लिलाम वढावढ मूल्य प्रति के.जी. रु. ४७/- वाट कम नहुने गरी वा न्यूनतम लिलाम वढावढ मूल्य रु. ४७/- वाट वढावढ सुरु गरी सोझै वार्ताद्वारा डाँक लिलाम वढावढ मूल्य बोल्नु पर्नेछ।

३. सूचनामा उल्लिखित सायावधि भित्र सोझै वार्ताद्वारा खाद्यान्न चामलको लिलाम वढावढमा सहभागी हुने इच्छुक व्यक्ति, फर्म वा कम्पनि वा सप्लायर्सले निवेदन दिइ वा सोझै नाम दर्ता गर्नुपर्नेछ।तोकिएको समयावधि पछि नाम दर्ता गर्न वा निवेदन दिन पाइनेछैन।

४. सोझै वार्ताद्वारा लिलाम वढावढ हुने कुल १६६ बोरा (प्रति. बोरा ५० के.जी भएको) ८३०० के.जी. खाद्यान्न चामल को लिलाम वढावढमा लिलाम वढावढको डाँक बोल्ने इच्छुक व्यक्ति, फर्म, कम्पनि, सप्लायर्स आदिले लिलाम सकार गर्न डाँक बोल्नु अघि नै कुल न्यूनतम मूल्यको ५% (पाँच प्रतिशत) ले हुन आउने नगद धरौटी रकम तत्काले राखु पर्ने र लिलाम वढावढको डाँक अङ्क वढ्दै गएमा सोही अनुपातमा नगद धरौटी रकम थप गर्दै जानुपर्नेछ।

५. सोझै वार्ताद्वारा खाद्यान्न चामल लिलाम वढावढको डाँक बोली लिलाम सकार गर्ने इच्छुक व्यक्ति, फर्म, कम्पनि , सप्लायर्सले लिलाम सकार गरेको मितिले ७ (सात दिन) भित्र आफैले कवोल गरेको कवोल अंक रकम बुझाई आफैले उठाई लैजानुपर्नेछ।यदि उक्त समयावधि भित्र उठाइ नलगेमा धरौटी रकम जफत गरिनेछ।

६. सोझै वर्ताद्वारा खाद्यान्न चामल लिलाम वढावढमा डाँक बोल्न सहभागी हुने इच्छुक व्यक्ति, फर्म, कम्पनि वा सप्लायर्सहरुले लिलाम बिक्री वढावढ हुने परिमाणको खाद्यान्न चामल हेर्न चाहेमा कार्यालयले कार्यालय समयभित्र हेर्ने गरी व्यवस्था गर्न सक्नेछ/व्यवस्था मिलाउनेछ।

७. यस सूचनामा उल्लेख भएका कराहरु यसै बमोजिम हुने र उल्लेख नभएका छुटेका विषयहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ।

८. यस सूचनामा उल्लेख भएका विषयहरुमा केही कुरा बुझ्नुपरेमा कार्यालय खुलेको दिन कार्यालय समयमा सम्पर्क गरी बुझ्न सकिनेछ। (फोन नं. ९८५२६८०९८५/९८५२६८०१५०))

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सूर्योदय नगरपालिका नगर कार्यपालिकाको कार्यालय
फिक्कल, इलाम।



"सूर्योदय नगरपालिकाको समृद्धतामानतापर्यापर्यटन र आर्थिक स ,प्राङ्गारिक कृषि :"
सम्पर्क :०२७-५४०४७३,५४०२१४
इमेल :suryodayamun@gmail.com, info@suryodayamun.gov.np | बेवसाइट :www.suryodayamun.gov.np